सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
सोह्रौं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको सोह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको सोह्रौं वार्षिक साधारण सभाको सूचना मिति २०७९/०६/१२ गते बसेको सञ्चालक समितिको ४०४ औं बैठकले निर्णय गरे अनुसार मिति २०७९/०६/१३ गते बिहिबारको नागरिक राष्ट्रिय दैनिक पत्रिका तथा मिति २०७९/०६/२५ गते मंगलबारको हिमालय टाइम्स नेपाली राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा संक्षिप्त आर्थिक विवरण सहितको विवरण समेत उल्लेख गरी शेयरधनी महानुभावहरुलाई जानकारीको लागि प्रकाशित गरिएको थियो । यसै गरी बैंकको आधिकारीक website www.ctznbank.com मा सूचना प्रकाशित गरी मिति २०७९/०७/०४ गते सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

१. **सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०७९ साल कार्तिक महिना ४ गते, शुक्रबार (तद् अनुसार अक्टोबर २१, २०२२)
स्थान :- अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा शुरु हुने समय :- बिहान ११:०० बजे ।

३. **छलफलका विषयहरु :**

क. साधारण प्रस्तावहरु

१. आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ९ प्रतिशतका दरले हुन आउने रु.१,२७,८०,८७,६६०.५१ बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१(ङ) र दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिसमा आ.व. २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख. विशेष प्रस्तावहरु

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता

नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।
(क) साविक सिर्जना फाइनान्सलाई प्राप्ति गरे पश्चात् साविक पूँजी संरचना ५१:४९ परिवर्तन भई कायम भएको पूँजी संरचना ५१.०७ : ४८.९३ (संस्थापक शेयरधनीहरुले धारण गरेको जम्मा शेयर : साधारण शेयरधनीहरुले धारण गरेको जम्मा शेयर) बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

४. उपस्थिति

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :

क्र.सं.	नाम, थर	पद
१.	श्री राजन सिंह भण्डारी	अध्यक्ष
२.	श्री प्रकाश चन्द्र मैनाली	सञ्चालक
३.	श्री विजय ध्वज कार्की	सञ्चालक
४.	श्री सीता कार्की (के.सी.)	सञ्चालक
५.	श्री प्रबल जंग पाण्डे	सञ्चालक
६.	श्री सजन शर्मा	सञ्चालक
७.	श्री अनिल ज्ञवाली	सञ्चालक

४.२ उपस्थित अन्य पदाधिकारी :

क्र.सं.	नाम, थर	पद
१.	श्री गणेश राज पोखरेल	प्रमुख कार्यकारी अधिकृत
२.	श्री सुमित बाबु खत्री	बरिष्ठ नायव-प्रमुख कार्यकारी अधिकृत
३.	श्री पारस कुमार काफ्ले	नायव-प्रमुख कार्यकारी अधिकृत
४.	श्री राजेन्द्र लाल श्रेष्ठ	नायव-प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव/सूचना अधिकारी
५.	श्री संजीव कुमार श्रेष्ठ	प्रमुख सूचना प्रविधि अधिकृत
६.	श्री सुमन मुलेपति	प्रमुख कर्जा अधिकृत
७.	श्री रवि कुमार रौनियार	प्रमुख सञ्चालन अधिकृत/गुनासो सुन्ने अधिकारी
८.	श्री नारायण राज अधिकारी	प्रमुख प्रशासकीय अधिकृत/प्रवक्ता
९.	श्री अमित खनाल	प्रमुख जोखिम अधिकृत
१०.	श्री प्रमेश राज कायस्थ	प्रमुख वित्त अधिकृत

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

४.३ शेयरधनीहरुको उपस्थिति :

क्र.सं.	विवरण	संख्या
१.	स्वयम् उपस्थित हुने शेयरधनीको संख्या :	९२३
२.	प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या :	३७१
	जम्मा	१२९४

५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

विवरण	कूल संख्या	जम्मा उपस्थिति	कूल शेयरको प्रतिनिधित्व
शेयरधनी संख्या	१,७८,३२५	१२९४	५१.२४ प्रतिशत
सस्थापक समूह "क"	१,५२८	२८४	४६.६५ प्रतिशत
सर्वसाधारण समूह "ख"	१,७६,७९७	१०१०	४.५९ प्रतिशत
शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता	१४,२०,०९,७४०.०६		१००.०० प्रतिशत

६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम साधारण सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम बैंकको सोह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या ९२३ जना, प्रोक्सी मार्फत ३७१ जना गरि कुल शेयरधनी १२९४ जना कुल शेयर कित्ता मध्ये शेयर कित्ता ७,२७,६५७९,०८०.६७ उपस्थित भई ५१.२४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात् काठमाण्डौमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सञ्चालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा बैंकको सोह्रौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

७. साधारण सभाको प्रस्तुती :

७.१. सभाका सभापति ज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूचीका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

७.२ तत्पश्चात् सभापति ज्यूले बैंकको सोह्रौं वार्षिक साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :

८.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सोह्रौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापति ज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. शिव प्रसाद पौडेल
२. भक्ति प्रसाद उप्रेती
३. अशोकनाथ उप्रेती
४. मेजर कुवेर श्रेष्ठ
५. डमरु बल्लभ घिमिरे
६. लवराज जोशी
७. इन्द्रकृष्ण श्रेष्ठ
८. ब्रम्हदेव शाक्य
९. कृष्ण प्रसाद अधिकारी कश्यप
१०. उदयकान्त झा
११. गुणराज भट्ट
१२. गोगन बहादुर पराजुली क्षेत्री
१३. रोज कुमार श्रेष्ठ
१४. सुदिप श्रेष्ठ
१५. चन्द्र नारायण श्रेष्ठ
१६. महेन्द्र बहादुर श्रेष्ठ
१७. बैजुनाथ रौनियार
१८. शत्रुधन श्रेष्ठ
१९. उद्धब प्रसाद घिमिरे
२०. नरसिंह लाल चखुँ
२१. अमृत दास रंजित

९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण :

छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वयम् आफै उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. श्री शिव प्रसाद पौडेल

मन्तव्यको क्रममा वाणिज्य बैंकहरु मध्ये सबैभन्दा पहिले बैंकले साधारण सभा गरेकोमा खुसी व्यक्त गर्दै सिटिजन्स बैंक ईन्टरनेसनल लि. सुशासन कायम गर्न एक नम्बरमा रहेकोमा धन्यवाद दिंदै भोलिका दिनका लागि यस्तै होस् भनी शुभकामना व्यक्त गर्नु भयो । बैंकले घोषणा गरेको नगद लाभांश साधारण सभा भएकै दिन शेयरधनीको खातामा राख्ने व्यवस्था गर्न बैंकलाई सुझाव दिनु भयो । बैंकले अरु बैंक मर्जर गराएर नचाहाँदा नचाहाँदै ठूलो बैंक बन्ने नाममा यस बैंक विलय हुनुभन्दा अहिले नै सानो बैंक प्राप्ति गरेर सिटिजन्स बैंकको ब्राण्ड र नाम कहिल्यै नमेटियोस्, आफ्नो नाम र ब्राण्ड कायम राखोस् भनि सुझाव व्यक्त गर्नु भयो । सामाजिक उत्तरदायित्व शीर्षकको रकम विभिन्न ठाउँमा छरेर भन्दा बैंकको लोगो देखिने गरी रकमुष्ट काम गर्न आग्रह गर्नु भयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

२. **श्री भक्ति प्रसाद उप्रेती**

उहाँले मन्तव्यको क्रममा आउँदै गरेको शुभ दिपावली, नेपाल सम्वत्, छठ पर्वको शुभकामना व्यक्त गर्दै बैंक संस्थागत सुशासनमा अब्बल रही सबै बैंकहरु मध्ये सर्वप्रथम नै वार्षिक साधारण सभा गर्न सफल भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । शेयरधनीहरुले जोखिम वहन गरी लगानी गरेकोमा बैंकहरुले हाल मुद्दती निक्षेपमा दिने प्रतिफलभन्दा पनि कम लाभांश दिएकोमा चित्त नबुझेको कुरा व्यक्त गर्दै आगामी दिनमा यस्तो नहोस् भन्नु भयो । गत वर्षहरुमा शेयरधनीहरुले बुझिलिन नआएको लाभांश क्रमशः कम हुँदै जानुपर्नेमा बढ्दै गएकोले सो रकम कम गर्नेतर्फ जोड दिनु भयो । हाल प्रकाशित भएको वार्षिक लेखापरीक्षण प्रतिवेदन अंग्रेजीमा भएकाले आगामी दिनमा उक्त प्रतिवेदन नेपालीमा प्रकाशित गर्ने व्यवस्था मिलाउन बैंकलाई सुझाव दिनु भयो । खण्डिकृत शेयर न बेच्न मिल्छ न किन्न मिल्छ यसले समस्या ल्याएकोले खण्डिकृत शेयरलाई पूर्णाङ्क बनाई व्यवस्थापन गर्नु पर्नेमा जोड दिनु भयो । उहाँले आफ्नो सुझावको क्रममा साना साना बैंक तथा वित्तीय संस्थाहरु लिएर प्रतिस्पर्धामा जानुभन्दा यथाशक्य चाँडो बिग मर्जरमा जान तदारुकताका साथ मर्जर र प्राप्ति प्रक्रिया अगाडी बढाउन अनुरोध गर्नु भयो । NPL २ प्रतिशतभन्दा बढि भएको भन्दै उक्त प्रतिशत कम गर्न आग्रह गर्नु भयो । उहाँले सुझाव दिने क्रममा बैंकको जाखिम कम गर्न Expected retrun को Loss लाई बीमा गरी न्यूनीकरण गर्न सुझाव दिनु भयो । उहाँले आगामी वर्ष १५ प्रतिशत लाभांशको अपेक्षा गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

३. **श्री अशोकनाथ उप्रेती**

बैंकको १६ वर्षदेखिको प्रगति राम्रो रहेको भन्दै उहाँले अहिलेको अवस्थामा हाम्रो बैंक मर्जरमा जाने हो की आफै केहि गरी एक्लै जान सक्छौं भन्दै सभामा अध्यक्ष ज्यूबाट जवाफको अपेक्षा गर्नु भयो । बैंकको NPL धेरै भएको कारणले अन्य सूचकहरु राम्रो हुँदाहुँदै पनि बैंकको उन्नती प्रगतीमा खोट देखाउने ठाउँ दिएको बताउनु भयो । उहाँले अबको दिनमा निक्षेप तथा कर्जाको माग बढ्ने र समग्र बैंकिङ्ग प्रणालीको भविष्य राम्रो रहेको बताउँदै हालसम्मको उपलब्धीलाई बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत एवम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नु भयो । उहाँले बैंकको उत्तरोत्तर प्रगति र सफलताको कामना व्यक्त गर्दै आउदै गरेको शुभ दिपावली, न्हु दँया भिन्तुना, छठ पर्वको शुभकामना दिनु भयो ।

४. **श्री मेजर कुवेर श्रेष्ठ**

उहाँले आफ्नो मन्तव्यको क्रममा बैंकले १६ वर्षसम्म मेहनत गरेर यस अवस्थामा ल्याउने सबैलाई धन्यवाद व्यक्त गर्दै बैंकले गत वर्ष दिएको लाभांश भन्दा कम ९ प्रतिशत दिएकोमा चित्त नबुझेको बताउनु भयो । त्यसै गरी बैंकको NPL धेरै भएको उल्लेख गर्दै NPL एक प्रतिशतभन्दा बढि नहुने व्यवस्था गर्न आग्रह गर्नु भयो । बैंकले कुन क्षेत्रमा कति लगानी गरेको छ सोको जानकारी दिएको भए राम्रो हुने भन्दै तिनीहरुले नियमित ब्याज तिरेको छ, छैन बताउन आग्रह गर्नु भयो । बैंकको अघिल्लो वर्षहरुको CSR खर्चमा आफुले खुब तारेफ गरेको तर अहिलेको CSR खर्च हेर्दा मन दुखेको बताउँदै सूचनाको हक माग्ने भन्दा पनि सबै विवरण राख्न बैंकलाई सुझाव दिनु भयो । सिटिजन्स बैंकलाई कसरी माथि पुऱ्याउने विषयमा शेयरधनीले आवश्यक सहयोग गर्ने, २.२२ NPL घटाउने र शेयरधनीले पाउने लाभांशलाई ९% बाट बढाउँदै लैजान आग्रह गर्दै बैंकको उन्नति एवम् प्रगतिको कामना गर्नु भयो ।

५. **श्री डमरु बल्लभ घिमिरे**

मन्तव्यको क्रममा उहाँले २६ वटा वाणिज्य बैंकहरुमध्ये शुरुमा नै वार्षिक साधारण सभा गरेर ९% नगद लाभांश दिन लागेकोमा सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद व्यक्त गर्नु भयो । मर्जर, प्राप्ति सम्बन्धमा बैंकको नीति के रहेको छ, सोको जानकारीको लागि आग्रह गर्नु भयो । त्यस्तै बैंक स्थापनाको १६ औं वर्षमा समेत अध्यक्ष ज्यूको उहि जोस जागर रहेकोमा प्रशंसा गर्दै बैंक व्यवस्थापन व्यवसाय विस्तारमा आक्रामक रहेकोले अर्को वर्ष राम्रो प्रतिफल पाउनेमा आशा व्यक्त गर्नु भयो । बैंकले १६ औं वार्षिक प्रतिवेदन २०७८/०७९ नेपालीमा प्रकाशित गरेकोले

पढ्नमा सहज भएकोमा खुसी व्यक्त गर्दै लेखापरीक्षण प्रतिवेदन पनि नेपालीमा आए अझ राम्रो हुने राय दिँदै बैंकको उन्नति र प्रगति गरोस् भनी शुभकामना व्यक्त गर्नु भयो । बैंकको सञ्चालक समितिले लाभांश पारित गरेको दिन नै IPS मार्फत नभई सिधै शेयरधनीको खातामा हाल्ने व्यवस्था गर्न बैंकलाई आग्रह गर्नु भयो ।

६. **श्री लवराज जोशी**

नेपाल राष्ट्र बैंकले यस बैंकलाई अनुशासन पालन गर्ने बैंक भनेकोमा खुसी व्यक्त गर्दै बैंक सञ्चालक समिति, बैंक व्यवस्थापन समूह, प्रमुख कार्यकारी अधिकृत र कर्मचारीहरुलाई धन्यवाद दिँदै उहाँले शुभ दिपावली, न्हु दँया भिन्तुना तथा छठ पर्वको अवसरमा सुख सम्बृद्धिको शुभकामना व्यक्त गर्नु भयो । उहाँले लाभांशको सम्बन्धमा नगद मात्र नभई बोनस शेयर पनि दिएको खण्डमा राम्रो हुने, बजारमा पनि राम्रो सन्देश जाने विचार व्यक्त गर्नु भयो । शेयरधनीहरुले ५ वर्षसम्म बुझिलिन नआएको लाभांश लगानीकर्ता संरक्षण कोषमा जाने भन्दै उक्त बुझिलिन नआएको लाभांशको सम्पूर्ण विवरण बैंकको वेवसाइटमा पनि राख्न सुझाव दिनु भयो । उहाँले शेयरधनीलाई Recognize गर्न सुझाव दिँदै कम्पनी अगाडी बढाउन भूमिका खेल्ने तथा राम्रा सुझाव दिने शेयरधनीलाई सम्मान गर्न सुझाव दिनु भयो ।

७. **श्री इन्द्रकृष्ण श्रेष्ठ**

बैंकको साधारण सभा सबै शेयरधनीलाई पायक पर्ने ठाउँमा सफलता पूर्वक गरेकोमा धन्यवाद व्यक्त गर्दै १६ औं वर्षमा १६ प्रतिशत लाभांश दिएको भए अझ राम्रो हुने थियो भन्दै नगद लाभांशले संस्थापकलाई राम्रो तथा बोनस दिँदा शेयरधनीलाई फाइदा पुग्ने उल्लेख गर्दै नगद र बोनसको प्रतिशत मिलाएर दिन बैंकलाई आग्रह गर्नु भयो । बैंकले प्राप्ति गर्दा करमुक्त ऋणमुक्त भएको संस्था लिँदा राम्रो हुने विचार व्यक्त गदै घोषणा भएको लाभांश साधारण सभा भएकै दिन शेयरधनीको खातामा जम्मा गर्ने व्यवस्था गर्न सुझाव दिनु भयो । बैंकको डिल्लीबजार शाखामा कर्मचारी परिवर्तन भएसँगै ग्राहक सेवामा समस्या देखिएको भन्दै बैंकको सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूहको ध्यानाकर्षण गराउनु भयो ।

८. **श्री ब्रम्हदेव शाक्य**

मन्तव्यको क्रममा उहाँले वाणिज्य बैंकहरुमध्ये सबैभन्दा पहिला तथा आ.व. समाप्तीको तीन महिना पनि बित्न नपाउँदै यस वर्षको साधारण सभा डाकिएको भन्दै बैंकको चुस्त, दुरुस्त र गतिशिल कार्य प्रति आभार व्यक्त गदै काम गर्नुहुने सबैलाई हृदयदेखि धन्यवाद दिनु भयो । राष्ट्र बैंकको कडा आर्थिक नीति निर्देशनको घेराभित्र रहेर पनि राष्ट्र बैंककै स्वीकृतिमा ९% का दरले नगद लाभांश दिने प्रस्ताव गरिएकोमा उक्त प्रस्तावको स-धन्यवाद समर्थन गर्नु भयो । अझ भन्नु पर्दा Deficit Economy मा रहि रहेको औपचारिक आर्थिक क्षेत्र Paralized होला भन्ने चिन्ता एकातिर छ भने अर्कोतिर बैंकले Aggressive कार्य गर्नु भन्दा Defensive कार्यमात्र गर्न बाध्य भएर हामीले आगामी दिनमा प्रतिफल पाउन धेरै समय कुर्नु पर्ला भन्ने शंका उत्पन्न गराएको कुरा व्यक्त गर्नुभयो । बैंकमा ४४.०८% महिला कर्मचारी सहित १७५८ जना व्यक्तिहरुलाई रोजगारी प्रदान गरिएको, संस्थागत सुशासनमा नैतिकता समावेश गरिएको, वित्तीय साक्षारता कार्यक्रम सहित अन्य आवश्यकीय क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत कार्यहरु गरिएको, बैठक भत्ता पनि छुट्टाछुट्टै शिर्षकमा पारदर्शी ढंगले प्रस्तुत गरिएको आदि उल्लेखनीय रहेको बताउनुभयो । बैंकको सहायक कम्पनी CBIL Capital Ltd. को ५० लाख ५१ हजार गत वर्ष खुद घाटा देखिनाले भने चन्द्रमामा दाग लागेको जस्तो देखिन आएको भन्दै बैंकको उन्नति प्रगतिका लागि काम गर्न हुने सञ्चालक समिति, व्यवस्थान समूह, कर्मचारी वर्ग लगायत सबैलाई धन्यवाद दिनुभयो । साथै उहाँले आउँदै गरेको शुभ दिपावली, नेपाल सम्वत् ११४३ र छठ पर्वको उपलक्ष्यमा सबैलाई हार्दिक शुभकामना व्यक्त गदै उहाँले अन्तमा सुख-दुख, लाभ-अलाभ, निन्दा-प्रशंसा, यश-अपयश यी आठ वटा लौकिक नियमबाट कोहि पनि अछुतो रहन सक्दैन । यी आठ वटा लौकिक नियमबाट अविचलित रहि कार्यपथमा लाग्नु मंगल हो भन्ने नेपालका राष्ट्रिय विभूति शाक्यमुनी बुद्धको शिक्षालाई स्मरण गर्दै बिदा हुनुभयो ।

९. **श्री कृष्ण प्रसाद अधिकारी कश्यप**

बैंकले नगद लाभांश ९ प्रतिशत दिएको राम्रो हुँदाहुँदै पनि उक्त प्रतिशत २ अंकमा भए अझ राम्रो हुने भन्दै स्वस्ति शान्ति वाचन गरी आफ्नो मन्तव्य शुरु गर्नु भयो । उहाँले बैंकमा महिला कर्मचारीको संख्या राम्रो रहेको भन्दै अझ बृद्धि गरी ५० प्रतिशत पुऱ्याउन आग्रह गर्नु भयो । बैंकले गठन गरेको विभिन्न समितिहरुमा बैंक सञ्चालकहरुको उपस्थिति आवश्यक हो की होइन ? भन्दै अन्य समितिको बैठकहरु समेत आवश्यक मात्रामा संचालन गर्न सुझाव दिनु भयो । उहाँले आगामी वर्ष २ अंकको लाभांश वितरण गर्ने गरी नाफा बृद्धि गर्न सुझाव दिनु भयो ।

१०. **श्री उदयकान्त झा**

बैंकको वार्षिक साधारण सभा Business Metting जस्तो हुनुपर्ने भन्दै आफ्नो मन्तव्य शुरु गर्दै नेपाल राष्ट्र बैंकको नजरमा सिटिजन्स बैक अनुशासित रहेको भन्ने आएको तर नेपाल राष्ट्र बैकले प्रोभिजन गरेको कारणले बैंकको नाफा कसरी घट्न गएको हो सोको जानकारी माग गर्नु भयो । बैंकले आफ्नो मुद्दती निक्षेपमा दिने ब्याज भन्दा अहिलेको लाभांश दर कम भएकोमा गुनासो गदै अर्को वर्ष लाभांशदर अझै घट्ने हो की भन्दै चिन्ता व्यक्त गर्नु भयो । त्यसै गरी बैंकका प्रकाशित वार्षिक प्रतिवेदनमा आर्थिक सूचकहरु समग्रमा विश्लेषण गर्दा घट्ने क्रममा रहेको देखिएको भन्दै उक्त सूचकहरु बढोत्तरी हुने गरी राम्रो बनाउन बैंकको ध्यानाकर्षण गराउनु भयो । उहाँले God help those who help themselves भन्ने भनाई राख्दै आफ्नो कमजोरी लुकाउन भाग्यमा ९ प्रतिशत पाउन लेखेको रहेछ भनि भगवान सहारा लिन खोज्नु कायरताको संज्ञा दिँदै त्यस्तो नगर्नु भन्दै हामीले हाम्रो कमी कमजोरी आत्मसात् गर्दै मार्ग दर्शनको रुपमा ग्रहण गरी आगामी दिनमा अगाडी बढ्न सके हालका यी वास्तविकता तितो र नमिठो भए पनि अगामी दिन बैंकको भविष्य उज्वल हुने भन्दै सोही बमोजिम अगाडि बढ्न सुझाव दिनु भयो । अन्यथा बैंकमा भएको Acquisition लाई Liquidation मा जानुपर्ने अवस्था नआओस् भन्ने चुनौति दिँदै आफ्नो भनाई अन्त्य गर्नुभयो ।

११. **श्री गुणराज भट्ट**

सिटिजन्स बैंकले वाणिज्य बैंकहरुमा पहिलो साधारण सभा गरेकोमा राम्रो पक्ष भएको भन्दै आगामी वर्ष पनि पहिलो नम्बरमा नै साधारण सभा गर्न उहाँले सुझाव दिनु भयो । उहाँले अहिलेको ९ प्रतिशतको लाभांशबाट त्यति सन्तुष्ट नभएको बताउँदै आगामी वर्ष २० प्रतिशत लाभांश दिन सक्ने लक्ष्य सहित अगाडि बढ्न अनुरोध गर्नु भयो । उहाँले मर्जरको सन्दर्भमा मर्जर भन्दा बरु १:१ हकप्रद शेयर दिंदा उपयुक्त हुने होकी भन्ने विचार राख्दै बैंकमा भएको खण्डिकृत शेयरलाई Round off गरी मिलाउन सुझाव दिनु भयो । अन्त्यमा उहाँले आउँदै गरेको शुभ दिपावली, नेपाल सम्वत् ११४३ र छठ पर्वको उपलक्ष्यमा सबैलाई हार्दिक शुभकामना व्यक्त व्यक्त गर्नु भयो ।

१२. **श्री गोगन बहादुर पराजुली क्षेत्री**

उहाँले आफ्नो मन्तव्यको क्रममा अहिलेको तरलता अभावको अवस्थामा आफु नगद लाभांश कै पक्षमा रहेको बताउँदै बैंकले दिएको ९ प्रतिशत लाभांश प्रति धन्यवाद व्यक्त गर्नु भयो । बैंकले विभिन्न ६ वटा संस्था प्राप्ति गरेको सन्दर्भ उल्लेख गदै उक्त प्राप्तिबाट शेयरधनीले के पायौं भन्ने जिज्ञासा राख्दै अझ बैंकको लाभांश १६ बाट ९ प्रतिशतमा झरेकोमा चिन्ता व्यक्त गर्नु भयो । बैंकको ४ वटा सहायक कम्पनीको नतिजा राम्रो नभएको हुँदाहुँदै पनि बैंकले १७४ करोड कर राज्यलाई तिरेर योगदान गरेकोमा धन्यवाद व्यक्त गर्नु भयो । हाल बजारमा ब्याजदरमा प्रतिस्पर्धा रहेको बताउँदै यसरी प्रतिस्पर्धामा जाने हो भने अर्को वर्ष ५/६ प्रतिशत मात्र प्रतिफल आउन सक्नेतर्फ सचेत गराउँदै हालको जस्तो एकल अंकको लाभांश नभई आगामी वर्ष २ अंकको लाभांश हुनुपर्नेमा जोड दिनु भयो । त्यस्तै बैंकहरु मध्ये पहिलो साधारण सभा गर्न सफल भएकोमा सम्पूर्ण टीमलाई धन्यवाद व्यक्त गर्दै बैंकको १६ औं वार्षिक साधारण सभाको कामना व्यक्त गर्नु भयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

१३. श्री रोज कुमार श्रेष्ठ

उहाँले आफ्नो मन्तव्यको क्रममा बैंकका अध्यक्षले बैंक सुशासनबाट टाढा हुने छैन भन्नु भएको कुरा एकदमै राम्रो भएको हुँदाहुँदै पनि सुशासन मात्र नभई बैंक समयानुसार चल्नु पर्नेमा जोड दिनु भयो । त्यस्तै बैंकको निस्कृय कर्जा बढेको, EPS घटेकोमा चिन्ता व्यक्त गर्दै हामीले दिनरात गरेको मेहनत "हात लाग्यो शुन्य" जस्तो पो हुने होकी भनी चिन्ता व्यक्त गर्नु भयो । अहिलेको अवस्थामा हेर्दा साना संस्थासँग मर्जर/प्राप्ति गर्नुभन्दा हालको समयानुसार बिग मर्जरमा नै जानु पर्नेमा जोड दिनु भयो ।

१४. श्री सुदिप श्रेष्ठ

बैंकको १६ औं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य राख्न दिनु भएकोमा धन्यवाद व्यक्त गर्दै गत वर्षको १६ प्रतिशत लाभांश भन्दा कम ९ प्रतिशत लाभांश दिँदा आफु निराश भएको बताउनु भयो । त्यस्तै यस आर्थिक वर्षमा बैंकको शाखाहरु बढेको देखिएको तर उक्त बृद्धि अनुसार लाभांश पनि बढोस् भन्ने चाहाना व्यक्त गर्नु भयो । अन्त्यमा उहाँले आउँदै गरेको शुभ दिपावली, नेपाल सम्वत् ११४३ र छठ पर्वको उपलक्ष्यमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्नु भयो ।

१५. श्री चन्द्र नारायण श्रेष्ठ

बैंकले दिएको ९ प्रतिशतको लाभांश पर्याप्त नभए तापनि आफुले स्वीकार गरेको कुरा व्यक्त गर्दै उक्त लाभांश साधारण सभा भएकै दिन नै शेयरधनीको खातामा राख्ने व्यवस्था गर्न अनुरोध गर्नु भयो । वाणिज्य बैंकहरु मध्ये सबैभन्दा पहिले बैंकले साधारण सभा गरेकोमा खुसी व्यक्त गर्दै बैंकको खुद ब्याज आम्दानी एकदम न्यून भएको भन्दै उक्त आम्दानी बृद्धि गर्न जोड दिँदै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

१६. श्री महेन्द्र बहादुर श्रेष्ठ

उहाँले आफ्नो मन्तव्यको क्रममा बैंक मर्जर र प्राप्तिभन्दा पनि पूँजी बृद्धि गर्दा राम्रो हुने कुरा उल्लेख गर्नु भयो । बैंकले उत्पादन क्षेत्रमा लगानी नगरेको भन्दै कृषिलाई विशेष ध्यान दिएर लगानी गर्न अनुरोध गर्नु भयो । बैंकले ग्राहकहरुलाई डिजिटल कारोवार गर्न प्रेरित गरिरहेको तर यससँगै साईबर अपराध बढ्न सक्ने भएकोले त्यसतर्फ सचेत रहन आग्रह गर्नु भयो । आगामी वर्ष शेयरधनीलाई राम्रो बोनस शेयर प्रदान गर्न अपेक्षा गर्दै उहाँले आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

१७. श्री बैजुनाथ रौनियार

उहाँले आफ्नो मन्तव्यको क्रममा बैंक मर्जर भयो भने सिटिजन्स बैंकको नाम राखेर मात्र मर्जर होस् भन्दै बैंकले दिएको ९ प्रतिशत लाभांशलाई आगामी वर्ष बृद्धि गर्नेतर्फ जोड दिनु भयो । वीरगंजमा जेलमा रहेका कैदीका बच्चाहरुलाई पढाउन धेरै समस्या रहेको कुरा उल्लेख गर्दै त्यसतर्फ बैंकले सहयोग गर्न अनुरोध गर्दै उहाँ स्वयम् समन्वय गर्न तयार रहेको कुरा व्यक्त गर्नु भयो । उहाँले बैंकको निस्क्रिय कर्जा कम गर्नेतर्फ बैंकको ध्यानाकर्षण गर्नु भयो । धेरै जनसंख्या भएको तथा तुलनात्मक रुपमा पिछडिएको मधेश प्रदेशमा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगतको रकम अन्य प्रदेशको तुलनामा कम खर्च भएको देखिएकोले सो तर्फ ध्यान दिन आग्रह गर्नु भयो । त्यस्तै बैंकले सातै प्रदेशमा आफ्नो वार्षिक उत्सवको अवसरमा गरेको प्रभातफेरीको प्रभाव राम्रो परेको देखिएकोले आगामी दिनमा पनि सो कार्यक्रमको निरन्तरता रहोस् भन्ने चाहाना व्यक्त गर्नु भयो । अन्तमा बैंकको व्यवस्थापनमा एक जना भएपनि महिला प्रतिनिधि राख्नुपर्नेतर्फ जोड दिँदै आउँदै गरेको शुभ दिपावली, नेपाल सम्वत् ११४३ र छठ पर्वको उपलक्ष्यमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्नु भयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

१८. **श्री शत्रुधन श्रेष्ठ**

उहाँले आफ्नो मन्तव्यको क्रममा सिटिजन्स बैंक ईन्टरनेसनल १६ औं वर्षमा कुनै दाग नलागेको, एकदम पवित्र बैंक रहेको उल्लेख गदै एकदम रफ्तारमा गएको साथै अन्य बैंकको तुलनामा यस बैंकमा रकम राख्दा राती निन्द्रा मज्जाले लाग्ने कुरा व्यक्त गर्नु भयो । नेपाल राष्ट्र बैंकले बैंक मर्जर गराउन विभिन्न समयमा विभिन्न बैंकहरुलाई छलफल गराई रहेको सन्दर्भ उल्लेख गर्दै मर्जमा जानै परेमा आफ्नो नाम नमेटाई कायमै राख्न सुझाव दिनु भयो ।

१९. **श्री उद्धव प्रसाद धिमिरे**

उहाँले आफ्नो मन्तव्यको क्रममा बैंकको Reserve Surplus मा रहेको राम्रो पक्ष उल्लेख गदै अध्यक्ष ज्यू स्वयम् नीति निर्माता भएकोले बैंक राम्रोसँग चलेको भन्दै अध्यक्ष ज्यूको प्रशंसा गर्नु भयो । साना ठूला लगानीकर्तालाई चित्त बुझ्ने गरी लाभांश दिएको, बैंकको वित्तीय सूचकहरु राम्रो रहेकोमा सबैलाई मुरीमुरी धन्यवाद दिँदै नेपालभर हाम्रो उपस्थिति रहे नरहेको जानकारी गराउन आग्रह गर्नु भयो । उहाँले मन्तव्यको क्रममा Accountability, Responsibility, Transperency देखिएकोमा धन्यवाद व्यक्त गर्दै यस बैंकले पनि राष्ट्रिय अन्तर्राष्ट्रिय अवार्डहरु लिनुपर्नेतर्फ जोड दिँदै Successful Board, Successful Management लाई धन्यवाद दिँदै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

२०. **श्री नरसिंह लाल चखुं**

उहाँले आफ्नो मन्तव्यको क्रममा बैंकको वार्षिक प्रतिवेदन अध्ययनबाट बैंकले राम्रै प्रगति गरेको उल्लेख गर्दै आगामी दिनमा पनि प्रगति गर्दै जाओस् भनि शुभकामना व्यक्त गर्नु भयो । नगद लाभांश साथै बोनश शेयर बढाउन आग्रह गर्दै खराब कर्जा असुलीमा केन्द्रीत गर्न र अन्य वित्तीय सूचकहरुमा सुधार गर्न आग्रह गर्नु भयो । साथै शाखाहरुको Business Activities मा शाखाहरुको आम्दानी हुनुपर्‍यो भन्दै Earning Per Employee बढाउने तर्फ जोड दिनु भयो । मर्जरमा जानै पर्ने भए Board, Management र EPS राम्रो भएको बैंक खोज्नुपर्ने धारणा व्यक्त गर्दै बैंकको थप प्रगतिको कामना सहित आउँदै गरेको शुभ दिपावली, नेपाल संवत् ११४३, छठ पर्वको शुभकामना व्यक्त गर्नु भयो ।

२१. **श्री अमृत दास रंजित**

उहाँले आफ्नो मन्तव्यको क्रममा बैंकले आगामी साल बोनस र नगद लाभांशलाई मिलाएर दिंदा राम्रो हुने विचार व्यक्त गर्नु भयो । बैंकमा जुन सुशासन देखिएको छ, सो अनुसार बैंकको अपेक्षाकृत लाभांश प्राप्त नभएको कुरा उल्लेख गर्नु भयो । हामीले Business बढाएको छ कि छैन भनेर हेर्ने भन्दै मर्जरमा जाँदा सिटिजन्स बैंकको नाम भए राम्रो हुने कुरा बताउँदै शेयरधनीको Wealth Maximization हुन्छ भने, Swap Ratio बढी पाईन्छ भने सिटिजन्स बैंकको नाम नरहे पनि मर्जरमा जान सकिने कुरा व्यक्त गर्नु भयो । Saving Account लाई Mobilize गर्न जोड दिँदै डिल्लीबजार शाखामा सधै भिडभाड हुने कुरालाई मध्यनजर गरी बैंकमा छिर्दा रमाईलो महशुस हुने गरी व्यवस्थापन गर्न आग्रह गर्दै आउँदै गरेको शुभ दिपावली, नेपाल संवत्, छठ पर्वको शुभकामना व्यक्त गर्नु भयो ।

९.१ छलफलमा सहभागी भई लिखित मन्तव्य राख्नु हुने शेयरधनी महानुभावको नामावली :

१.सुनिता भट्टाराई

९.२ **छलफलमा सहभागी भई लिखित मन्तव्य प्रस्तुतीकरण :**

छलफलको क्रममा शेयरधनी महानुभावले स्वयम् आफै उपस्थित भई व्यक्त गर्नु भएका लिखित मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

श्रीमती सुनिता भट्टाराई

सिटिजन्स बैंकको १६ औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्ष ज्यू, सञ्चालक ज्यूहरु, प्रमुख कार्यकारी अधिकृत ज्यू, कम्पनी सचिव ज्यू, कर्मचारीहरु तथा शेयरधनी ज्यूहरुमा नमस्कार ।

(१) हाम्रो बैंकको साधारण सभा १ नम्बरमा भएको छ । आउँदा वर्षहरुमा पनि १ नम्बरमा नै साधारण सभा होस् भन्ने अनुरोध गर्दछु ।

(२) गत आर्थिक वर्षभन्दा लाभांश घट्यो त्यसमा पनि ९% नगद मात्र दिएकोमा अधिकाशं शेयरधनी खुसी छैनन् । तसर्थ : आगामी वर्ष न्यूनतम १५% बोनस शेयर लाभांश दिने व्यवस्था गर्नु हुन सादर अनुरोध छ ।

(३) यो बैंक अन्य बैंकसँग गाभिने वा अरु कसैलाई प्राप्त गर्नै पर्ने अवस्था भएमा संस्थागत सुशासन कायम भएको राम्रो संस्थासँग मात्रै सम्बन्ध राख्नु हुन तथा गाभिने वा प्राप्त गर्ने अवस्थामा बैंकको नाम, अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत सिटिजन्स बैंकको हुनु पर्ने शर्त राख्नु हुन अनुरोध छ ।

(४) गाभ्ने वा प्राप्ति गर्नु भन्दा हकप्रद शेयर राम्रो हुने देखिन्छ । सोही अनुसार गर्नुहुन अनुरोध गर्दछु । १:१ हकप्रद शेयर जारी गरेमा कुल पूँजी २८ अरब हुनेछ ।

(५) खण्डित शेयरलाई Round up गर्ने व्यवस्था गर्नु हुन अनुरोध छ । अन्तमा १६ औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दछु, धन्यवाद ।

१०. शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा सभाका अध्यक्ष राजन सिंह भण्डारी ज्यूले व्यक्त गर्नु भएको प्रश्नहरुको जवाफ :

अध्यक्ष ज्यूले साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको जिज्ञासा उपर आफ्नो जवाफ दिने क्रममा सबै आदरणीय शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझावहरु अत्यन्तै रचनात्मक र सिर्जनात्मक रहेको उल्लेख गर्दै प्राप्त सुझावहरुले बैंकलाई थप मजभुत बनाउने भएकोले बैंकले सम्पत्तिको रुपमा ग्रहण गरी आगामी समयमा लागू गदै जानेतर्फ सभालाई आश्वस्त पार्नु भयो ।

सभामा शेयरधनी महानुभावहरुबाट उठाईएको मर्जरका सम्बन्धमा व्यक्त सुझाव, संस्थाको नाफा बढाई लाभांश बढाउने जस्ता सुझावहरुलाई सकारात्मक रुपमा लिएको कुरा उल्लेख गर्दै उक्त सुझावहरुलाई बैंकले ग्रहण गरी आगामी समयमा लागु गर्दै जानेतर्फ सभालाई आश्वस्थ पार्नु भयो । उहाँले आफ्नो मन्तव्यको क्रममा आदरणीय शेयरधनी महानुभावहरुलाई उहाँहरुको विज्ञताको मुक्तकण्ठले प्रशंसा गर्दै बैंकको समग्र विकास, हितको लागि वर्षमा एकपटक साधारण सभा मात्र नकुरी जुनसुकै बेला पनि छलफल तथा विचार आदान प्रदान गर्न आफू र बैंक सदैव तत्पर रहेको र सो बमोजिम छलफलको वातावरण बनाउन शेयरधनी महानुभावहरुलाई समय प्रदान गर्न विशेष आग्रह र अनुरोध गर्दै सोको लागि आफू प्रतिबद्ध रहेको भनी प्रतिबद्धता व्यक्त गर्नु भयो ।

११. सोह्रौं वार्षिक साधारण सभाका निर्णयहरु :

(क) **साधारण प्रस्तावहरु**

१. **आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**
सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७८/०४/०१ देखि २०७९/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा

सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ९ प्रतिशतका दरले हुन आउने रु. १,२७,८०,८७,६६०.५१ बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ९ प्रतिशतका दरले हुन आउने रु. १,२७,८०,८७,६६०.५१ बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्न प्रस्ताव पारित गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. **बैंक तथा वित्तीय संस्था समबन्धी ऐन, २०७३ को दफा ६१ (ङ) र दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

आर्थिक वर्ष २०७९/८० को लागी वाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम बैंकको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री **जे. के. एण्ड एसएस एसोसिएटस, चार्टर्ड एकाउन्टेन्ट्स** लेखापरिक्षणको लागि कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्त गर्न योग्य देखिएको हुंदा निजलाई देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी मूल्य अभिबृद्धि कर बाहेक रु. २५,००,०००/- (अक्षेरुपी रुपैयाँ पच्चिस लाख मात्र) पारिश्रमिक पाउने गरी बैंकको लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

1. Statutory Audit
2. Long Form Audit Report
3. Tax Audit
4. Certification under section 78 of the Company Act, 2063.
5. Certification of Corporate governance annual report
6. Certification of Compliance report

(ख) विशेष प्रस्तावहरु

१. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. **बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।**

(क) साविक सिर्जना फाइनान्सलाई प्राप्ति गरे पश्चात् साविक पूँजी संरचना ५१:४९ परिवर्तन भई कायम भएको पूँजी संरचना ५१.०७ :४८.९३ (संस्थापक शेयरधनीहरुले धारण गरेको जम्मा शेयर : साधारण शेयरधनीहरुले धारण गरेको जम्मा शेयर) बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

साविक सिर्जना फाइनान्सलाई प्राप्ति गरे पश्चात् साविक पूँजी संरचना ५१:४९ परिवर्तन भई कायम भएको पूँजी संरचना ५१.०७ :४८.९३ (संस्थापक शेयरधनीहरुले धारण गरेको जम्मा शेयर : साधारण शेयरधनीहरुले धारण गरेको जम्मा शेयर) बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने निर्णय गरियो ।

३. **बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) **विविध ।**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्ष ज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सबै नियमनकारी निकायहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै सोह्रौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो २:३० बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

श्री राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

श्री राजन सिंह भण्डारी
अध्यक्ष